# श्री सर्वोदय सामुदायिक वन उपभोक्ता समुह

## गढवा गा.पा.-६, दाङ

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सुचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०४/२१ गते**

यस सर्वोदय सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत दिगो वन व्यवस्थापन कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय दाङ (देउखुरी) लमही, दाङको च.नं. १५३४ मिति २०८२/१२/३० गतेको काठ दाउरा संकलन सहमति अनुसार पुनरुत्पादन कटान प्लट C1S4 र ढलापडा पुरै वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा छपान भएका रुखहरु कटान मुछान भई उत्पादित काठ दाउरालाई डिभिजन वन कार्यालय दाङ (देउखुरी) लमही, दाङको च.नं. ७७ मिति २०८३/०४/१९ गतेको लिलाम सहमति अनुसार समूहको घाटगद्दीमा रहेका तपसिलमा उल्लेखित जातका गोलिया काठ थान ४८ को ४८६.६७ क्यु.फिट लाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न अनुमती प्राप्त गरी सञ्चालनमा रहेका उद्योगहरुले यो सूचना गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशन भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरी २२ औं दिनमा तोकिएको समय भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई अनुरोध छ ।

**तपसिल**

१. लिलाम बिक्रि हुने वन पैदावारको विवरण:-

| लट नं. | वन पैदावारको विवरण | | | | | न्युनतम दर प्रति क्यु.फि. | न्युनतम मुल्य (रु) | कटान मुछान खर्च | धाङ नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्र.सं. | काठको जात | ग्रेड | गोलिया थान | परिमाण (क्यु.फि.) | | | | | |
| १ | १ | साल | A | ११ | २२१.९९ | १२५० | २७७४८७.५० | प्रति क्यु.फिट रु. १५७ | १२२ | |
| | | | B | १८ | १७७.३० | ९०० | १५९५७०.०० | | | |
| | | | C | १६ | ६२.०७ | ६०० | ३७२४२.०० | | | |
| | | | D | ३ | २५.३१ | ३०० | ७५९३.०० | | | |
| लट १ को जम्मा | | | | ४८ | ४८६.६७ | | ४८१८९२.५० | ७६४०७.१९ | | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :
   (क) खरिद गर्ने अन्तिम मिति : २०८३/०५/१० गते कार्यालय समय भित्र ।
   (ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समय : २०८३/०५/११ गते १२:०० बजेसम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकमको १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समुहको कुमारी बैंक लि. गढवा शाखामा रहेको हिसाब खाता नं. १४९००९१६०९५००००२ मा नगद जम्मा गरेको सक्कल भौचर वा छ महिना अवधिको बैंक ग्यारेन्टी समावेश गरेको हुनु पर्नेछ ।

४. बोलपत्र फारामको रु १०००/- का दरले पछि फिर्ता नहुने गरी बुझाई यस समूह वा डिभिजन वन कार्यालय दाङ (देउखुरी) लमहीबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ,

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ता गरेको प्रमाण, उद्योग सूचीकृत भएको प्रमाणको प्रतिलिपी सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्या र रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मिति २०८३/०५/११ गते यस समुहको कार्यालयमा दिनको १२:०० बजे पछी साक्षीहरुको रोहबरमा खोलिनेछ ।

८. बोलपत्र खरिद, दाखिला वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलि पल्ट गरिनेछ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र नियमानुसार सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धी कर, अग्रिम आयकर, संकलन खर्च छुट्टा छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अबधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

०४।२१

अध्यक्ष

CamScanner